# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

## गाई (उन्नत जात) को दरभाउ पेश गर्ने सम्बन्धी सूचना

-प्रथम पटक प्रकाशित मिति २०८१/०२/१४ गते_

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत **गाई (उन्नत जात) प्रवर्द्धन** कार्यक्रम अन्तर्गत पशु पालक कृषकहरुको माग र स्वीकृत बजेटको परिधिभित्र रही उन्नत जातको गाई ५०% अनुदानमा उपलब्ध गराउन उक्त उन्नत जातको गाई न्यूनतम दररेट कायम गर्ने प्रयोजनका लागि तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही न्यूनतम दरभाउमा आपूर्ति गर्न इच्छुक पशु पालक बिक्रेता/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (२८ गते) दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित शीलबन्दी दरभाउ पत्र प्रस्ताव पेश गर्नु हुन साथै सूचीकृत हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. न्यूनत ८५-९०% सम्म क्रस जर्सी गाई हुनु पर्ने ।
२. गाई न्यूनतम दोस्रो बेतसम्म मात्र ब्याएको हुनु पर्ने ।
३. गाई फार्मको रेकर्ड हुनु पर्ने ।
४. गाईले दैनिक न्यूनतम १० देखि १२ लिटर दुध दिने हुनु पर्ने ।
५. गाईको उमेर न्यूनतम ४ वर्षदेखि ५ वर्षसम्म मात्रको हुनु पर्ने ।
६. गाई ब्याएको न्यूनतम १ महिनादेखि २ महिनाको लैनो हुनु पर्ने ।
७. गाईको बीमा अनिवार्य गरिएको हुनु पर्ने ।
८. महामारी रोग विरुद्धका खोप लगाइएको खोप सम्बन्धी कार्ड हुनु पर्ने ।
९. आन्तरिक तथा बाह्य परजीवी विरुद्धको औषधि खुवाएको प्रमाणित रेकर्ड हुनु पर्ने ।
१०. गाई निरोगी, स्वस्थ र फुर्तिलो हुनु पर्ने ।
११. गाउँपालिकाले तोकेको स्थानमा गाई बिक्रेता/फार्म/सप्लायर्सले गाई ढुवानी र वितरण समेतको कार्य गाई बिक्रेता/फार्म/सप्लायर्स स्वयंले गर्नु पर्ने ।
१२. ढुवानी गर्दा पशु ढुवानी मापदण्ड पूर्ण पालना गरी ल्याउनु पर्नेछ ।
१३. सम्बन्धित बोलपत्रदाता यस कार्यमा अनुभवी भई कार्य गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
१४. वितरित गाईहरु बीमालेख क्रियाशील नभएसम्म कुनै क्षति भएमा सम्बन्धित बिक्रेता/फार्म/सप्लायर्स नै स्वयं जिम्मेवार हुनु पर्नेछ ।
१५. गाई कुनै शारिरीक विकृति नभएको हुनु पर्नेछ ।
१६. गाईको उमेर अनुसार शारीरिक वृद्धि विकास भएको हुनु पर्ने र अगाडिको खुट्टा भुँइदेखि जुरोसम्मको उचाइ ४ देखि ५ फिटको हुनु पर्नेछ ।
१७. गाई सङ्कलन स्थानमा जम्मा गरी १ दिन राखेपछि मात्र गाउँपालिकाले तोकेको भेटेरिनरी डाक्टरबाट स्वास्थ्य परीक्षण गरी तोकिएको मापदण्ड नपुगेमा गाईहरु बुझ्न गाउँपालिका बाध्य हुने छैन ।
१८. कल्चौडो, थुनहरु स्पष्ट मिलेको र चारै थुनबाट समान रुपमा दुध आउने हुनु पर्ने ।
१९. गाउँपालिका र गाई बिक्रेता/फार्म/सप्लायर्स बीच सम्झौता र कार्यदेश भएको मितिले ७ -सात_ दिनभित्र सम्पूर्ण गाईहरु बुझाइ सक्नु पर्नेछ ।
२०. यस गाउँपालिकाद्वारा वितरण हुने स्थानको हावापानी मौसम अनुकूलित स्थानका गाईहरुलाई पहिलो प्राथमिकता दिई गाई खरिद गरिनेछ ।
२१. यस सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत